CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #१०

२५।१२।२०७६

भ्रामक समाचार, हल्ला र अफवाहहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



परिवार भाइरस भन्दा खाना बारे बढी चिन्तित

फोटो: दिवाकर भण्डारी




## जानिराख्नुहोस्, कुन निकायको जिम्मेवारी र दायित्व के हो ?

### कोभिड - १९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समिति:

उपप्रधानमन्त्रिको संयोजनमा समग्र कामको अगुवाई गर्ने





### कोरोना संकट व्यवस्थापन केन्द्र:

आम समुदाय, राजनितिकर्मी, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय तथा स्वस्थ्यकर्मीहरुको संयुक्त कमाण्डमा रोगको पहिचान गर्ने, परिक्षण गर्ने र उपचार गर्ने सबै कामलाई समन्वयात्मक ढंगले सम्पादन र निर्देशन गर्ने

### प्रदेश स्तरीय समिति:

मुख्य मन्त्रिको संयोजनमा प्रदेश तहमा र स्थानीय तहमा वडा अध्यक्षको संयोजनमा गठित समितिले आफ्नो वडामा सरकार द्वारा घोषित राहत वितरण गर्ने, बिरामी छन् छैनन्,औषधि उपचार पाए पाएनन्, बेरोजगार बिपन्नहरुले खान पाए पाएनन् भनेर अनुगमन र व्यवस्थापन गर्ने



# हल्ला - तथ्य



सरकारले क्वारेन्टाईनमा बस्ने समय १४ दिनबाट बढाएर २१ दिन बनायो भन्छन् । वास्तविकता के हो ?

क्वारेन्टाईनमा १४ दिन पुरा गरेका व्यक्तिहरु र्‍यापीड डाइग्नोस्टीक टेस्ट गरेर बाहिर निस्कन सक्छन् । तर, उनिहरुले बाँकी ७ दिन अनिवार्य होम क्वारेन्टाईन बस्नुपर्नेछ । उनिहरु पुरै ७ दिन तोकिएको मापदण्ड अनुसार होम क्वारेन्टाईनमा बसेको सुनिश्चितता गर्ने जिम्मेवारी भने सम्बन्धीत स्थानीय तहको हुनेछ ।



निजि अस्पतालमा कामगर्ने सबै चिकित्सकले लकडाउनको अवधीभर अनिवार्य सरकारी अस्पतालमा आएर कामगर्नुपर्छ रे नि त ।

हालको अवस्थामा निजि अस्पतालका स्वास्थ्यकर्मीले सरकारी अस्पतालमा आएर कामगर्न चाहेमा सम्बन्धीत तह मिलान गरेर कामगर्न दिने र उनिहरुलाई दिने सेवा सुविधा सरकारी स्वास्थ्यकर्मीले पाउने सरह हुनेछ भनेर सरकारले निर्णय गरेको छ । त्यसै गरेर निजि अस्पतालमै कोरोना संक्रमित बिरामीको उपचारमा खटिने स्वास्थकर्मीलाई भत्ता नेपाल सरकारले दिनेछ ।



लकडाउनले यातायात र बजार ठप्प हुँदा किशानको उत्पादन बारीमै कुहिने अवस्था छ । सरकारले यसको लागि कुनै व्यवस्था गरेको छैन ?

स्थानीय तहसंगको समन्वयमा कृषि उपज लाई नजिकको बजार वा काठमाण्डौसम्म लैजाने व्यवस्था गर्ने भनेर सरकारले यस अघि नै निर्णय गरिसकेको थियो । त्यसै गरेर राहत वितरणमा स्थानीय कृषि उत्पादन प्रयोग गर्न सकिने अवस्था भएमा त्यस्ता वस्तुहरु राहत प्याकेजमा समावेश गर्नु भनेर संघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले हरेक स्थानीय तहलाई निर्देशन दिएको छ ।



लकडाउन लम्बिएसंगै अझै थुप्रै विदेशीहरु नेपालमै रोकिएका छन् । भिषा सकिएका प्रयटकको लागि के व्यवस्था छ ?

नेपाल सरकारले अप्रिल ३० सम्मको लागि सम्पुर्ण अन्तरराष्ट्रिय हवाई उडान बन्द गरेकोछ । यससंगै लकडाउनका कारण नेपालमा फसेका प्रयटकहरुको भिषा सितैमा नविकरण गर्ने निर्णय पनि नेपाल सरकारले गरेको छ ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | २३,११,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| २,७९५ संक्रमित | ७४३ संक्रमित | ८११ संक्रमित | १,८३२ संक्रमित | २,०७६ संक्रमित | ३७१ संक्रमित | ३,७९३ संक्रमित | १०,३३१ संक्रमित |
| ४ नेपाली संक्रमित | २ नेपाली संक्रमित | १२ नेपाली संक्रमित | २ नेपाली संक्रमित | ११ नेपाली संक्रमित | | १ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

**ShramikSanjal**

## कतार र यू.ए.ई मा कोरोना भाईरस सम्बन्धी सहि सूचना र जानकारी WhatsApp बाट सजिलै लिन सकिने

### कतारमा भएका नेपालीहरुले सेवा लिनको लागि:

- आफ्नो WhatsApp बाट +97460060601 मा Hi लेखेर म्यासेज पठाएपछी उताबाट भाषा छनौट गर्न भन्छ ।
- ६ ओटा भाषामा जानकारी दिईने यो सुविधामा नेपाली भाषा छनैटको लागि "५" लेखेर पठाउनु पर्ने हुन्छ ।
- आफूलाई आवश्यक सूचनाको संकेत नं पठाएर जानकारी प्रप्त गर्न सकीन्छ । फेरी पहिलेकै मेनुमा जानको लागि "0" या अरु प्रश्न भएमा "३" लेखेर म्यासेज पठाउन सकिन्छ ।

  "१" अहिलेको नम्बर, "२" सुरक्षित रहनु होला, "३" तपाईको प्रश्न उत्तर, "४" मित्थ्या प्रचार, "५" यात्रा सल्लाह, "६" समाचार र प्रेस, "७" सहकार्य, "८" घरमा बस्नु होला, "९" भाषा परिर्वतन गर्नका लागि र "१०" मा महत्वपूर्ण फोन नम्बरहरु सहितको जानकारी समेटिएको छ ।




### यू.ए.ई.मा भएका नेपालीले सेवा लिनको लागि:

- आफ्नो WhatsApp बाट +971563713090 मा Hi लेखेर म्यासेज पठाउने ।
- उताबाट हरेक प्रश्नको संकेत नम्बर आउनेछ । तपाईहरुले आफूलाई जिज्ञासा भएको कुनै पनि प्रश्नको संकेत नं. लेखेर पठाउनुपर्नेछ । जस्तैÙ कोरोना भाइरस सम्बन्धी जानकारी लिन ब टाईप गरी पठाउने ।
- यस सेवा अन्तरगत १४ ओटा बिषयमा जानकारी लिन सकिन्छ भने, अत्यावस्यक परेको खन्डमा सिधै ९९९ मा फोन पनि गर्न सकीन्छ ।

accountabilitylab NEPAL

सही सूचना

# के कोभिड - १९ का बिरामीलाई उपचार गर्न सरकारले राम्रो तयारी गरेको छ ?




विश्व स्वास्थ्य संगठनका अनुसार, कोभिड - १९ का १५% केसलाई सघन उपचार कक्ष (आईसियु) र भेन्टिलेटर चाहिन्छ । माथिको ग्राफले कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशसंग आईसियु बेड र भेन्टिलेटरको संख्या एकदम न्युन भएको देखाउछ । भारतबाट धेरै कामदारहरु आउने भएका कारण पनि यी दुई प्रदेशमा संक्रमितको संख्या बढी देखिने सम्भावना छ । कोभिड - १९ प्रतिकार्यमा राम्रो तयारी गर्न, विशेष गरेर ति दुई प्रदेश र अन्य प्रदेशमा पनि सरकारले आईसियु र भेन्टिलेटरको संख्या बढाउन जरुरी छ ।

## फलो द मनी

### बहुपक्षिय दातृसंस्थाहरु

ए.डि.बि.
करिव
७ अर्व २० करोड

विश्व बैंक
करिव
३ अर्व ४८ करोड

आई.एम.एफ.
करिव
१३ अर्व ९ करोड

### जम्मा रकम

करिव
१.६ खर्व रुपैयाँ



खर्च
खै ??

### नेपाल सरकारले छुट्याएको

करिव
१ खर्व ३८ अर्व
रुपैयाँ

संघिय सरकार

करिव
१ अर्व ६ करोड
रुपैयाँ

प्रदेश सरकार

accountabilitylab NEPAL

# मानवतालाई ख्याल गरौँ, दुर्व्यवहार (लान्छना र विभेद) नगरौँ



कोभिड - १९ संग जोडेर गरिने दुर्व्यवहार, मान्छेको स्वास्थ्यसंग गरिने दुर्व्यवहार हो । यो समान लक्षण र रोगको सामना गर्ने व्यक्ति वा समुहसंग गरिने नकारात्मक व्यवहार हो । कहिलेकाहि यो विषयलाई मान्छेको व्यवसायिकतासंग जोडेर हेरेको पनि पाईन्छ । उदाहरणको रुपमा हालै कोभिड - १९ को उपचारमा अग्रपंक्तिमा रहेर खटिएका स्वास्थ्यकर्मिलाई गरिएको नकारात्मक व्यवहारलाई लिन सकिन्छ ।

> “कोभिड - १९ भाईरसका कारण लाग्ने सरुवा रोग हो ।
> यसले जसलाई पनि संक्रमित गर्न सक्छ ।
> भनिन्छ, "भाईरसले कसैलाई भेदभाव गर्दैन,
> त्यसैले हामीले पनि कसैलाई भेदभाव गर्नुहुदैन ।"”

## लान्छना लाग्ने कारणहरू:

१ अज्ञात र अज्ञानताको डर, किनकी यो एक नयाँ रोग हो । जसको न कुनै उचित उपचार छ, न त अहिलेसम्म कुनै औषधि छ र यसको बारेमा थाहा नभएका धेरै कुराहरु छन् ।
२ रोगको संक्रमण सार्ने डर
३ अपरिचित व्यक्तिसंगको त्रास

## कस्ता कस्ता व्यक्तिहरुले लान्छना र विभेदको सामना गर्नुपर्ने हुनसक्छ ?

१ संक्रमणको प्रभाव बढी भएको ठाउँमा यात्रा गरेका व्यक्तिहरु
२ अग्रपंक्तिमा रहेर कामगर्ने स्वास्थ्यकर्मीहरु
३ क्वारेन्टाईनमा बसेका व्यत्तिहरु
४ रुघाखोकीबाट ग्रसित व्यक्तिहरु

## लान्छना र भेदभाव (दुर्व्यवहार) र यसका गम्भीर असरहरू:

१ मान्छेहरु उपचार गर्न दुरुत्साहित हुनुकासाथै रोग लुकाउने कोशिष गर्नेछन् ।
२ अनावश्यक दुर्व्यवहारले मान्छेमा अरु व्यक्तिसंग रिस र त्रासको वातावरण सृजना गर्छ ।
३ सामाजिक बहिस्कार/अस्विकार
४ स्वास्थ्य, शिक्षा, बसोबास र रोजगारीबाट बञ्चित हुनु
५ शारिरिक हिंसा तथा उत्पीडन

## परिवर्तनका लागि तपाईले आफ्नो ठाउँबाट गर्न सक्ने प्रयासहरू:

- आफुले बोल्ने शब्दहरुलाई ध्यान दिनुहोस: कृपया कोभिड - १९ को बारेमा कुरा गर्दा वुहान भाईरस, चाइनिज भाईरस, एसियन भाईरस आदि जस्ता शब्दावलिको प्रयोग नगर्नुहोस् ।
- यदि तपाईले कसैलाई आरोपित गर्ने वा दुर्व्यवहार गर्नेखालका टिप्पणी वा सूचना सुन्नुभयो, देख्नुभयो वा पढ्नुभयो भने त्यसको विरुद्ध आवाज उठाउनुहोस् ।
- बढी प्रभावित व्यक्ति तथा समुदाय प्रति सहानुभुति र समर्थन जनाउनुहोस् ।
- क्वारेन्टाईमा बसेका व्यक्तिलाई लान्छना लगाउने वा दुर्व्यवहार गर्ने काम नगर्नुहोस् । उहाँहरुले आफ्नो समुदायको हितकालागि सही निर्णय लिईरहनुभएको छ ।
- कसैको पनि जातजाती वा राष्ट्रियताको आधारमा उनिहरुको स्वास्थ्य अवस्थाको बारेमा अनुमानित अवधारणा नबनाउनुहोस् ।
- त्यसै गरेर, जुन व्यक्ति कोभिड - १९ बाट संक्रमित हुनुहुन्छ वा कोभिड - १९ को संक्रमणको शंका लागेकोछ उहाँहरुकालागि कोभिड केस वा कोभिड संदिग्ध जस्ता शब्दावलीको प्रयोग नगर्नुहोस् ।
- सुरुको अवस्थामा गर्नुपर्ने परिक्षणको बारेमा कुरा गर्नुहोस् । भाईरसका विरुद्ध लडौं, व्यक्तिसंग हैन ।
- मिथ्या र रुढिवादी कुरालाई निरुत्साहित गर्दै सत्य र तथ्यलाई जनमानससंग बाँड्नुहोस् ।
- मिथ्या आरोपहरु, गलत समाचारहरु र हल्लालाई निरुत्साहित गर्न समाजमा प्रभाव पार्नसक्ने व्यक्ति र सामाजिक सञ्जालको सहयोग लिनुहोस् ।

संग्रह: डा. सुशिल कोईराला, साभार: युनिसेफ/विश्व स्वास्थ्य संगठन/आइएफआरसी, गाईड, हार्वर्ड बिज्नेस सिम्यु, भ्वाईस अफ युथ, वासिंटन स्टेट डिपार्टमेण्ट अफ हेल्थ, सिडिसि, किंग कन्ट्रि वासिंटन, लेखन: कोर्टे, के.जे., डेन्क्ला, सि.ए., एमेताज, ए.ए., के.सि., हार्वर्ड टिएच स्कुल अफ पब्लिक हेल्थ ।
इमेल: koiralasushil@hotmail.com

accountabilitylab NEPAL

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा कटर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 01-4429584